# भाषा शिक्षकहरूको पेसागत विकासमा कार्यमूलक अनुसन्धानको प्रयोग

**इन्द्रकुमारी देवकोटा (बस्नेत)**
**उप-प्राध्यापक**
**गोरखा क्याम्पस, गोरखा**
**indrakumari2024@gmail.com**

**Artical History**

| Received | Revised | Accepted |
|---|---|---|
| 30th January, 2022 | 4th April, 2022 | 5th May, 2022 |

**सार**

यस लेखमा भाषा शिक्षकहरूको पहिचानको खोजी गरी शिक्षकहरूको पेसागत विकासमा कार्यमूलक अनुसन्धानको प्रयोग उपयोगी हुने सन्दर्भलाई सैद्धान्तिक रूपमा प्रस्ट्याउन खोजिएको छ । कार्यमूलक अनुसन्धान गर्ने क्रममा प्रक्रियागत रूपमा हुने प्रतिबिम्बनको पक्ष महत्वपूर्ण हुन्छ । यो ज्ञान प्राप्तिको माध्यम पनि हो । यस प्रक्रियामा शिक्षक आफैं अनुसन्धानकर्ता हो । यसबाट अनुसन्धानकर्ता (शिक्षक) मा सकारात्मक चिन्तनको विकास हुन्छ । यस्ता सकारात्मक तथा नवीन चिन्तनले शिक्षकहरूलाई नयाँ खोज, चिन्तन र सुधारतिर उन्मुख गराउँछ । फलस्वरूप पेसागत विकास हुन पुग्छ भन्ने मान्यतालाई अघि सारिएको छ । लेख तयारीको क्रममा विभिन्न पुस्तक, पत्रपत्रिकाका सम्बन्धित लेख, विद्वान्हरूको धारणा, विभिन्न प्रतिवेदन तथा आफ्नै शिक्षण अनुभवहरूलाई आधार मानिएको छ । यिनै आधारहरूमा रही भाषा शिक्षकहरूको पहिचान, जिम्मेवारी र पेसागत विकासको आवश्यकता, शैक्षिक क्षेत्रमा कार्यमूलक अनुसन्धानको प्रयोग प्रक्रिया, पेसागत विकास र कार्यमूलक अनुसन्धानको सम्बन्ध जस्ता पक्षहरूलाई उपशीर्षकमा लिई भाषा शिक्षकहरूको पेसागत विकासमा कार्यमूलक अनुसन्धानले दह्रो टेवा पुऱ्याउने निष्कर्ष निकालिएको छ ।

**मुख्य शब्दावली** : भाषा शिक्षक, पेसागत विकास, कार्यमूलक अनुसन्धान, सकारात्मक चिन्तन, प्रतिविम्वन ।

## पृष्ठभूमि

वर्तमान युगलाई खोज तथा अनुसन्धानको युग भनिने गरिन्छ । हरेक कार्यक्षेत्र तथा पेसाहरूमा यसको सकारात्मक प्रभाव परेको देखिन्छ । कुनै पनि पेसा यसै पूर्ण बन्दैन । यसलाई पूर्णता दिदै जानुपर्छ । पूर्ण हुने र पूर्णता दिदै जाने क्रमिक गतिविधिहरूको क्रम नै विकासका प्रक्रिया मानिन्छन् । शैक्षिक संस्था शिक्षकहरूको कार्यथलो हो । शिक्षण शिक्षकको काम वा पेसा हो (शब्दकोश,२०६१) । यद्यपि, पेसालाई कुनै व्यक्तिले अँगालेको इलम, उद्यम वा व्यवसाय, जीवन निर्वाहका लागि गरिने कुनै धन्दा भनी अर्थ्याएको छ र उदाहरणको रूपमा "उसले शिक्षक पेसा अगाँलेको छ" भन्ने वाक्य शब्दकोशमा प्रयोग भएको पाईन्छ । यस अर्थमा शिक्षक एक पेसा हो र उसले गर्ने शिक्षण हो । हरेक पेसाको पहिचान उसले अपनाउने कार्यले नै निर्धारण गरेको देखिन्छ । शिक्षकहरूको पेसागत पहिचान शिक्षण कार्यमा निर्भर छ । यसर्थ पनि शिक्षणलाई पेसा कै रूपमा हेरिएको हुनुपर्छ । शिक्षण पेसालाई विकास गर्दै लैजानु शैक्षिक संस्था तथा शिक्षक स्वयंको दायित्व हो । देशले मागेको शैक्षिक जनशक्ति उत्पादन गर्ने जिम्मा शैक्षिक संस्था र शिक्षकको जिम्मेवारी हो । यसैले शिक्षण/शिक्षकको पेसागत विकास हुनु अनिवार्य छ । पेसागत विकास एउटा निरन्तर चलिरहने विचार वा चिन्तन हो । जुन शिक्षकले आफ्नै ढँगबाट पालना गर्दै अघि बढ्नु पर्छ (Head and Taylor,1997) यसका लागि शिक्षकले आफूलाई समयको मागअनुरूप ढाल्दै र विकसित हुँदै अघि बढ्नु पर्ने हुन्छ । अहिलेको समय हरेक क्षेत्रमा प्रविधिजनित खोजतर्फ उन्मुख भएको छ । यसर्थ पनि शिक्षकले आफूलाई तयार गर्न जरूरी छ । यसमा पनि भाषा शिक्षकहरुको छुट्टै पहिचान र जिम्मेवारीका कारण पेसाागत विकास अपरिहार्य छ ।

भाषा मानवले सन्देशको सञ्चार गर्न अपनाउने विभिन्न माध्यमहरूमध्ये सर्वाधिक प्रचलित, लोकप्रिय र प्रभावकारी माध्यम हो । यो जति सशक्त र प्रभावकारी हुन्छ सन्देशको सञ्चार पनि त्यति नै सशक्त र प्रभावकारी बन्छ । भाषा कै माध्यमबाट ज्ञान र अनुभवको साटासाट र ज्ञानको आर्जन र अभिव्यक्ति पनि हुन्छ । भाषालाई बोलेर र लेखेर अभिव्यक्त गर्न सकिन्छ । भाषाका कथ्य र लेख्य दुई रूप हुन्छन् (बन्धु ,२०७३) । मानिसले सफलता प्राप्त गर्नमा

भाषाले पनि महत्पूर्ण भूमिका खेलेको हुन्छ । यसर्थ भाषालाई सशक्त र प्रभावकारी बनाउनु पर्छ । यसका लागि भाषा शिक्षक दक्ष हुनु नितान्त जरूरी छ । शिक्षकहरूको सक्षमता अभिवृद्धिका लागि राष्ट्रिय स्तरमा आठ वटा सक्षमताका प्रारूप तयार गरिएको छ (शै.ज.बि.के.२०७२) । जसमा क्रमशः विषयवस्तुको ज्ञान; शिक्षण सिकाइको तौर तरिका सम्बन्धी ज्ञान; बालबालिकाको सिकाइसम्बन्धी ज्ञान; सिकाइ वातावरण तथा कक्षा व्यवस्थापन; सञ्चार तथा सहकार्य; निरन्तर विकास र पेसागत विकास; कानुनी विकास तथा पेसागत आचारसहिंता र सूचना तथा सञ्चार प्रविधि रहेका छन् । यी प्रारूपहरू भाषा शिक्षकका लागि पनि अपरिहार्य छ । भाषा शिक्षकहरूको पेसागत विकासका लागि Jack C.Reohards को सम्पादनमा Cambride Language Education पत्रिकामा बाह्र वटा रणनीतिहरूलाई अघि सारेको पाइन्छ । जसअनुसार – १) शिक्षक शिक्षाको प्रकृति २) गोष्ठी/सेमिनार ३) आत्ममूल्याङ्कन/स्वनिर्देशन ४) जर्नल प्रकाशन वा त्यसको लेखाजोख ा५) शिक्षक सहयोगी समूह ६) सहभागी कक्षा अवलोकन ७) शिक्षक विवरणको तयारी ८) जटिल मामला अध्ययन तथा विश्लेषण ९) सहभागी प्रशिक्षण १०) समूह शिक्षण ११) घटना विश्लेषण र १२) कार्यमूलक अनुसन्धान रहेका छन् । यी बाह्र वटा रणनीतिहरूमध्ये यस लेखमा भाषा शिक्षकहरूको पेसागत विकासमा कार्यमूलक अनुसन्धानले पुऱ्याउने र पुऱ्याउन सक्ने टेवालाई प्रस्ट्याउनु हो । यही नै यस लेखको ध्येय पनि हो । यस अध्ययनमा भाषा शिक्षक को हो ? के भाषा शिक्षकलाई पेसागत विकासको आवश्यकता छ ? कार्यमूलक अनुसन्धानले भाषा शिक्षकहरूको पेसागत विकासमा टेवा पुऱ्याउन सक्ला ? अनि कार्यमूलक अनुसन्धान र पेसागत विकास बीचको सम्बन्ध के कस्तो रहला ? जस्ता जिज्ञासा मूलक प्रश्नहरूको खोजी गरी अध्ययनमा सैद्धान्तिक पक्षलाई व्याख्यात्मक रूपमा प्रस्ट्याउने कोशिस गरिएको छ । यस क्रममा विभिन्न पुस्तक, पत्र-पत्रिकामा प्रकाशित सम्बन्धित लेख, विभिन्न आयोग तथा अध्ययनका प्रतिवेदन, विद्वानहरूका प्रासङ्गीक भनाई तथा आफ्नै शिक्षण अनुभवहरूलाई आधार मानेर विभिन्न उपशीर्षकमा रही विश्लेषण गरी निष्कर्ष निकालिएको छ ।

## भाषा शिक्षकको पहिचान र पेसागत विकासको आवश्यकता

कुनै पनि शिक्षकले पढाउने र आफूले सिकाउने विषयको तयारीमा पुरै सम्लग्न रही अनुसन्धान,अध्यापन र छलफलमा डुब्न सक्नु पर्छ (शर्मा, गोरखापत्र साउन २६,२०६२) । विद्वान्हरू भन्ने गर्दछन् अध्ययन र अनुभव बिना मानिस यथास्थितिमा रहन्छ । उसमा परिर्वतनको विरोध गर्ने स्वभावको जन्म हुन्छ । यसर्थ पनि शिक्षक अध्ययनशील, नयाँ नयाँ ज्ञानको खोज गर्ने, वाह्य समाजको अवलोकन गर्न सक्ने र परिर्वतनको गतिलाई बुझ्न सक्ने हुनुपर्छ । यसका लागि शिक्षकको पेसागत विकासको खाँचो पर्न जान्छ । शिक्षण पेसामा छिर्नु अघिको शिक्षक शिक्षाले मात्र दिनानु दिन परिवर्तित हुदै गएको समाजको आवश्यकता र गतिशीलतालाई थेग्न सक्दैन । यसर्थ शिक्षकले निरन्तर रूपमा आफूलाई समय सापेक्ष उपयोगी, योग्य बनाउदै जानु पर्ने हुन्छ । हरेक वस्तुलाई उसका गुणले चिनाउँछ भने झै, शिक्षकहरूलाई पनि उसका गुणले नै चिनाउने हो । शिक्षक विनयशील, दिमागी र प्रभावकारी आवाजले युक्त आकर्षण व्यक्तित्व, अद्यावधिक ज्ञान र शिक्षण कलाले परिपूर्ण हुनुपर्छ भन्ने भनाइ छ । समग्रमा शिक्षकका गुणलाई व्यक्तिगत र सामाजिक दृष्टिकोणबाट नियाल्न सकिन्छ (शर्मा,२०६० पृ.५०-५५) ।

**व्यक्तिगत गुण** : राम्रो स्वास्थ्य, आकर्षण शारीरिक व्यक्तित्व, मिठो स्वर, रूचि एवं उत्साहीपन, प्रेम एवं सहानुभूति, धैर्य एर्व सहनशील, स्नेही, आत्मविश्वासी, चरित्रवान, मौलिक, बौद्धिक एंव रचनात्मक दिमाग भएको आदि ।

**सामाजिक गुण** : स्पष्ट वक्ता, पक्षपात रहित, सहयोगी, मानवीय सम्बन्ध कायम गर्न सक्ने सिप भएको, सेवा भावयुक्त विनयशील, विनोदप्रिय, नेतृत्व लिन सक्ने, शिक्षा पद्धतिको ज्ञान, उत्तरदायित्वको बोध, शिक्षण पद्धति तरिका र विधि एवं सूत्रको ज्ञान, शैक्षिक सामग्रीको ज्ञान तथा प्रयोग गर्ने, जिज्ञासु र अध्ययनशील, प्रयोग र अनुसन्धानमा दक्ष, सिकाइ प्रक्रियाको ज्ञान आदि जस्ता दृष्टिले सम्पन्न हुनुपर्छ । त्यस्तै विद्यार्थीहरूलाई अध्ययनमा रूचि एंव भोक जगाउन सक्ने र जीवनलाई सफलतातिर लैजान प्रेरित गर्ने हुनुपर्छ । सँगसँगै शिक्षकले आफ्नो काम (अध्यापन, योजना निर्माण, कक्षा व्यवस्थापनमा सहयोग, निरीक्षण, निर्देशन, मूल्याङ्कन, कुशल प्रशासन आदि ) जस्ता कार्य निरन्तर गर्नपर्छ (पूर्ववत्) । यसरी शिक्षकका गुणहरूलाई शिक्षकको व्यक्तित्व, समाज र पेसासँग सम्बन्धित गरेर हेरिन्छ । यसका अलाबा भाषा शिक्षकमा भाषा जनित गुणहरू पनि समावेश हुन्छन् ।

भाषिक व्यवहार र भाषिक सिपमा दखलता भाषा शिक्षकको पेसागत पहिचान हो । भाषिक व्यवहारले नै भाषा शिक्षकलाई समग्र शिक्षकहरूबाट अलग गर्दछ । भाषा शिक्षण र अन्य विषयका शिक्षणलाई तुलना गर्दा विषयगत ज्ञान, सिप र विधिलाई केन्द्रमा राखिन्छ । विधागत विविधता, शब्द भण्डार तथा व्याकरणगत धारणाका आधारमा अन्य विषयसँग फरकपन खोजिन्छ (अधिकारी, २०५०) । भाषा शिक्षक भाषाको ज्ञाता मात्र नभएर भाषिक सिप र व्यवहारलाई समय, अवस्था र वातावरण अनुकूल प्रयोग गर्न सक्ने दक्ष हुनुपर्छ (पूर्ववत्) । धैर्यता, शान्ति र शिष्ट व्यवहार, प्रभावकारी व्यवस्थापन सिप, पेसा प्रतिको माया र लगाव, भाषा र सँस्कृति प्रतिको चाख, सञ्चार कलामा निपूर्ण, कर्तव्यपालक र अधिकारको सदुपयोग गरी समुदायसँग राम्रो सम्बन्ध राख्न सक्ने सिप भाषा शिक्षकमा हुनुपर्छ (https://myjobsearch.com/careers/language-teacher.htm) । यसका साथसाथै भाषा शिक्षक समाजका हरेक गतिविधि र प्रसँगहरुसँग जानकार र चासो राख्ने पनि हुनुपर्छ । किनकि भाषालाई समाजको देन मानिन्छ । यसर्थ पनि भाषा शिक्षकले समाज भाषिक व्यवहारमा दखल राख्न सक्नुपर्छ ।

भाषा शिक्षकको जिम्मेवारी समग्र शिक्षकहरुको तुलनामा केही भारी छ । भाषा शिक्षक भाषा शिक्षणका आधारभूत सिद्धान्त (अधिकारी,२०५०पृ.१३) र भाषिक सिपसँग बढी सम्बन्धित हुन्छ । भाषा शिक्षकले भाषालाई साधन र साध्य दुबै रुपमा प्रयोगमा ल्याउनु पर्ने हुन्छ । भाषाले अन्य विषयका विषयवस्तुलाई सम्प्रेषण गराउने जिम्मेवारी बोकेको हुन्छ । भाषा शिक्षकमा त्यो जिम्मेवारी सम्बन्धित वर्गलाई सहज ढँगमा सम्प्रेषित गराउने क्षमताको विकास गराउने जिम्मेवारी हुन्छ । भाषा शिक्षकलाई कलाकार पनि भन्ने गरेको पाइन्छ । किनकि भाषा आफै कला हो र सो कलालाई व्यवहरित गर्ने गराउने व्यक्ति कलाकार नै हो । भनिन्छ दक्ष भाषा शिक्षकको कक्षा रङ्गमञ्च जस्तो हुन्छ र शिक्षक अभिनय कर्ता भइदिन्छ । हरे क भाषिक व्यवहार र भाषिक संवेदनालाई भाषिक अभिनयबाट प्रस्ट्याइ रहेको हुन्छ । यस्ता विविध ज्ञान, कला, सिप तथा व्यवहारलाई सान्दर्भिक र उपयोगी बनाउँदै लैजान भाषा शिक्षकहरूलाई पेसागत विकास आवश्यकता पर्छ । पेसागत ज्ञान र सिपसँग पूर्ण परिचित भई आधुनिक ज्ञान तथा प्रविधिमा आधारित रही सक्षमताका प्रारुप (शै.ज.वि.के.,२०७२) हरूलाई अद्यावधिक गर्दै जान भाषा शिक्षकहरूको पेसागत विकासको आवश्यकता टड्कारो छ ।

## शैक्षिक क्षेत्रमा कार्यमूलक अनुसन्धानको प्रयोग र प्रक्रिया

कार्यमूलक अनुसन्धान कार्यक्रम सञ्चालन भैरहेकै अवस्थामा कार्यक्रमलाई सुधार, नयाँपन र प्रभावकारिता ल्याउनका लागि उक्त कार्यक्रममा सम्लग्न व्यक्तिहरुबाट नै गरिने कार्यसँग सम्बन्धित अनुसन्धान हो । यसलाई शिक्षकले या कुनै पेसाकर्मीले आफ्नो काममा आफैंले गर्ने सकारात्मक हस्तक्षेपकारी प्रयत्न (Intervention) मानिन्छ । पौड्यालले उल्लेख गरे अनुसार म्यागी कोट्स(२००५) का शब्दमा क्रियात्मक कार्यमूलक अनुसन्धान कार्य (Action) र अनुसन्धान (Research) दुबै सम्बन्धित छ । सामान्यत : कुनै कार्य अनुसन्धान बिना र कुनै अनुसन्धान कार्य बिना नै पनि गर्न सकिन्छ । तर कार्यमूलक अनुसन्धानमा यी दुबै पक्ष जोडिएका हुन्छन् (पौड्याल,२०७३,पृ.२७५) । Frank Heller (फ्रायाङक हिलर) (२००४) का अनुसार कार्यमूलक अनुसन्धान एक कार्यमुखी दर्शन (Action Philosophy) बाट निर्देशित योजनाबद्ध कार्यलाई अनुसन्धानमा आवद्ध गर्दै उच्च्तम् नतिजा हासिल गर्ने उपाय हो । भट्टराईका अनुसार कार्यमूलक अनुसन्धान स्थानीय प्रकृतिको हुन्छ । यो कुनै निश्चित समस्यामा केन्द्रित हुन्छ । विद्यालयको पठनपाठनमा सुधार ल्याउन, विद्यार्थीको अध्ययनप्रति रुचि जगाउन, शिक्षकहरुको शैक्षणिक अभिक्षमता अघि बढाउन, व्यवस्थापन सम्बन्धी कार्य कुशलता बढाउन, नवीन विधि तथा प्रविधि उपयोग गरी तिनका सकारात्मक तथा नकारात्मक परिणाम थाहा पाउन कार्यमूलक अनुसन्धान विधिको आवश्यकता पर्दछ (भट्टराई,२०६८,पृ.६०) । खनालका अनुसार कार्यमूलक अनुसन्धान व्यावहारिक र कार्यमूलक हुन्छ । विशेषत : शैक्षिक क्षेत्रमा कार्यरत शिक्षाविद्,शिक्षा प्रशासक, योजनाविद् र शिक्षकहरुले गर्न सक्छन् । यस प्रकारको अनुसन्धान कार्य कक्षामा वा विद्यालयमा विद्यमान समस्या पहिल्याउनु नै हो । यसले अनुसन्धान कर्तालाई कार्य मै सम्लग्न गराउँछ । जसका कारण अनुसन्धान स्वस्फूर्त र सशक्त हुन्छ (खनाल,२०७२ पृ.७८) । विशेष गरेर कार्यमूलक अनुसन्धानमा अनुसन्धानकर्ता आफैंले अनुभव गरेका वा भोगेका समस्या र प्रश्नहरुबारे बिचार गरिन्छ । यसर्थ पनि यसबाट शैक्षिक समस्या समाधान गर्न र शैक्षिक क्रियाकलापमा सुधार गर्न निकै सहयोगी बन्छ । कार्यमूलक अनुसन्धान कुनै ज्ञान प्राप्ति तथा कुनै सिद्धान्त प्रतिपादनको लागि नगरी तत्कालीन कार्य क्षेत्रमा सुधार गर्न र उपचारात्मक कार्यहरुका लागि

गरिन्छ (Jack 1999) । कार्यमूलक अनुसन्धानले शिक्षकहरुमा रहेको योग्यता एवं क्षमतालाई समय सापेक्ष रूपमा नवीकरण र अध्यावधिक गर्दै कक्षा कोठाको शिक्षणमा सकारात्मक परिवर्तन ल्याउन मद्दत गर्दछ (Francesca, 2011) ।

विशेष गरी शिक्षा क्षेत्रमा कार्यमूलक अनुसन्धानलाई शिक्षकको अनुसन्धानको रूपमा नै चिनिने गरिएको पाइन्छ । यस सन्दर्भमा NSW, DOE and Training (२०१०) ले कार्यमूलक अनुसन्धानलाई शिक्षकले आफ्नो अध्यापन र विद्यार्थीको सिकाइ उपलब्धी दुबै पक्षको सुधार गर्नको निमित्त विधिको रूपमा प्रयोग गर्दछन् (In education action research is also known as teacher research. It is one method teacher's use for improvement in both their practice and their students learing outcomes. ) भनी परिभाषित गरेको छ । पाठकले उल्लेख गरे अनुसार खासगरी Kurt Lewin (1940) कै समय देखि नै शिक्षामा कार्यमूलक अनुसन्धानको प्रयोग हुँदै आएको पाइन्छ । Hally Whithead and (1985) लाई उद्‍तृ गर्दै Cohen,Manion and Morison (2007) ले शिक्षा क्षेत्रका कार्यहरु अर्थात् शिक्षण सिकाइमा आवश्यकता अनुसार सुधार र परिमार्जन गर्न एउटा शिक्षक वा शिक्षकहरूको समूह वा इच्छुक अनुसन्धानकर्ताहरूको समूहबाट गरिन्छ । मैले हाल गरिरहेको कार्यमा थप सुधार कसरी गर्न सक्छु र मैले आफ्नो कार्य अनुभवबाट नै आफ्नो कार्य क्षमता र कार्य कुशलतामा कसरी सुधार गर्न सक्छु भन्ने मूलभूत प्रश्नबाट कार्यमूलक अनुसन्धान कार्यको थालनी गरिन्छ (पाठक,२०७३,पृ... ) ।

शैक्षिक व्यवस्थापनमा कार्यमूलक अनुसन्धानको प्रयोग विशेष गरी निम्नानुसार क्षेत्रहरूमा गर्न सकिने प्रसँग उल्लेख गरेको पाइन्छ ।

क) शिक्षण विधि (Teaching Method) : शिक्षणका परम्परागत विधिहरूलाई नवीन खोज विधिले प्रतिस्थापन गर्न ।

ख) सिकाइ प्रक्रिया (Learning atrategies) : कुनै एक विषयको शिक्षण सिकाइमा एकीकृत सिकाइ पद्धति लागु गर्ने ।

ग) मूल्याङ्कन प्रक्रिया (Evaluation Process) : निरन्तर मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी रूपमा सुधार गर्दै लैजाने ।

घ) प्रवृत्ति र मूल्य (Attitude and Value) : काम प्रति सकारात्मक प्रवृत्ति विकास गर्दै बालबालिकाहरूको सोच र व्यवहारलाई जीवनका मूल्य र मान्यताहरू प्रति उन्मुख गराउँन ।


ङ) शिक्षकहरूको निरन्तर पेसागत विकास (Continue Professional Development of Teacheher) : शिक्षण सिपको सुधार गर्ने, नवीन विधिहरूको खोज तथा विकास गर्ने, विश्लेषण क्षमताको विकास गर्ने, आत्म चेतना (Self-Awareness) उच्च बनाउने ।

च) व्यवस्थापन र नियन्त्रण (Management and Control) : विद्यार्थीहरुको व्यवहार परिमार्जनका लागि अपनाइने तौर तरिकाको क्रमबद्धता ।

छ) प्रशासन (Administration) : विद्यालयका प्रशासनिक अन्य विविध पक्षहरूको सुधार गर्ने (शिक्षक शिक्षा,२०७३) ।

Stephen Kemmis ले कार्यमूलक अनुसन्धानको प्रक्रियालाई एउटा चक्रीय प्रक्रिया (Cyclic Process) को रुपमा व्याख्या गरेका छन् । उनका अनुसार कार्यमूलक अनुसन्धानको निश्चित चरणहरू : योजना (Plan), कार्य (Act), अवलोकन (Observe) र प्रतिबिम्बन (Reflect) छन् । यी चरणहरू क्रमिक रूपमा अभ्यासात्मक ढँगले अघि बढ्दछन्। यी चार चरणलाई चरणवद्ध रूपमा दोहोर्‍याई, तेहर्‍याई कार्यान्वयन गर्नँ चाहिं प्रक्रिया वा चक्र हो । आशा गरे अनुरूप सुधार हासिल नभएसम्म यी चरणहरूलाई दोहोर्‍याई, तेहर्‍याई चक्रीय ढँगमा अभ्यास गरिन्छ । जस्तै :






(स्टेफेन केम्मिस्को कार्यमूलक अनुसन्धानको प्रक्रियागत चक्र)

उल्लेखित चित्रमा देखाए अनुसार कार्यमूलक अनुसन्धानको प्रक्रियागत चक्र, योजना - कार्य - अवलोकन - प्रतिबिम्बन, पुनः योजना - कार्य - अवलोकन- प्रतिबिम्बन, पुन : योजना .... को क्रममा दोहोरिने, तेहरिने गरी निरन्तरता पाइरहन्छ । जबसम्म हासिल गर्न खोजेको उपलब्धीमा सुधार आउँदैन तबसम्म यो प्रक्रिया चलिरहन्छ । शिक्षकहरूले शिक्षणको क्रममा कक्षा कोठामा आइपर्ने र आउन सक्ने समस्याहरूको महशुस र पहिचान गरी योजनाबद्ध ढङ्गमा कार्यमूलक अनुसन्धानलाई विधिको रूपमा अभ्यासमा प्रयोग गर्न सक्दछन् । किनकि यसो गर्दा परिमाणत : शिक्षकहरूको पेसागत विकास ज्ञान वा शिक्षामा थपोट तथा परिवर्तन, व्यक्तिगत जागरुकता, अभ्यासमा विकास र सिकाइमा नयाँपन आउँछ (खनाल,२०७२, पृ.६८) ।

## पेसागत विकास र कार्यमूलक अनुसन्धानको सम्बन्ध

एक अर्को पक्षलाई सघाउन सम्बन्ध आफैंमा एक बलियो आधार हो । सम्बन्धको विकास सहयोगबाट नै हुन्छ । उस्तै उस्तै स्वरूप र प्रकृतिका वस्तुहरू बीच सम्बन्ध पनि गाँढा रहन्छ भन्ने भनाइ सर्वत्र सुन्न पाइन्छ । त्यसो त शिक्षकहरूको पेसागत क्षेत्र र कार्यमूलक अनुसन्धानको क्षेत्र पनि एकै मानिन्छ । कार्यमूलक अनुसन्धानलाई शिक्षक अनुसन्धान पनि भनिने गरिएको छ (NSW, DOE and Training 2010) । विशेष गरेर कार्यमूलक अनुसन्धान शैक्षिक क्षेत्रसँग बढी सम्बन्धित हुने प्रसँग विद्वानहरूको रहेको पाइयो (माथि उल्लेखित विचारहरू) । शैक्षिक क्षेत्रको लागि शिक्षक झन एक खम्बा नै हो । भाषा शिक्षकहरूको पेसागत विकासमा कार्यमूलक अनुसन्धान एउटा बलियो आधार (J.C recheers,1999) मानिएको छ । यी प्रसँगहरूले यी दुईबीच घनिष्ट सम्बन्ध स्वतह प्रस्टन्छ । कार्य क्षेत्रमा नै रहेर बहालवाला समयमा नै आफूले अनुभव र महशुस गरेका समस्या तथा सुधारमूलक पक्षलाई आफैंले योजनाबद्ध ढङ्गमा अभ्यास गरी निरन्तर आफू र आफ्नो कार्य क्षेत्रको परिमार्जन गर्दै जानु पेसागत विकासका प्रक्रिया हुन् । यसै सन्दर्भमा

शिक्षकहरूको पेसागत विकासमा कार्यमूलक अनुसन्धान नै किन ? भन्ने प्रश्न आउन सक्छ । यसका लागि कार्यमूलक अनुसन्धानबाट पेसाकर्मी शिक्षकहरुमा विकास हुने पक्ष निम्नानुसार छन् :

- पेसाकर्मीका रूपमा शिक्षक आफैं अझ बढी कुशल र योग्य बन्छ ।
- शिक्षण पेसामा उत्कृष्ठता हासिल हुन्छ ।
- पेसागत समस्या समाधान गर्न सक्ने हुन्छ ।
- शिक्षक आफ्नो पेसामा सफल बन्छ ।
- आफैंमा पेसागत सिकाइ सँस्कृतिको विकास हुन्छ ।
- पेसागत क्षमता अभिवृद्धिका लागि निरन्तर लागि पर्छ ।
- सकारात्मक दिशा तर्फ उन्मुख हुन्छ ।
- शिक्षण सिकाइबाट अपेक्षित उपलब्धी हासिल गर्न उत्प्रेरित हुन्छ ।
- शिक्षण सिकाइको प्रभावकारी उपायहरू निर्माण र व्यवहरित गर्न प्रेरित बनाउँछ ।
- कार्य सम्पादन मूल्याङ्कनमा अपेक्षित प्राप्ताङ्कहरु हासिल गर्न प्रेरित हुन्छ ।
- विद्यालयसँग सम्बन्धित सरोकारवालाहरुसँगको सम्बन्ध विकास गर्ने कलाको विकास हुन्छ ।
- सँगसँगै कार्यमूलक अनुसन्धानमा अनुभवी स्रोत व्यक्तिको रूपमा स्थापित हुन्छ ।

**स्रोत : शिक्षक स्रोत पुस्तक २०७३ ।**

यी र यस्ता गतिविधिहरूले शिक्षकहरूको पेसागत सक्षमता अभिवृद्धि गर्न निकै टेवा पुग्छ ।

कार्यमूलक अनुसन्धान यस्तो प्रक्रिया हो जसमा आत्मानुभूतिको प्रभाव पर्छ । आफूले गरेका कार्यबाट आफैंलाई सुधार्ने र सुधार कतिको भयो भन्ने समालोचनात्मक चिन्तन यसमा हुने तर्क विद्वानहरूको रहेको पाइन्छ । किनकि मान्छे आफूले आफूलाई कहिल्यै ढाँट्न सक्दैन भन्ने जनयुक्ति सर्वत्र छ । कार्यमूलक अनुसन्धानले शिक्षकहरूमा समालोचनात्मक चिन्तनको विकास गराई आफ्नो मूल्याङ्कन आफैं गर्न सक्ने अनि आवश्यकता अनुरूप परिमार्जित हुँदै जाने गुणको विकास गराउँछ । साथसाथै कार्यमूलक अनुसन्धानले सकारात्मक सोंचको विकास गराउँने हुँदा शिक्षकहरूमा सकारात्मक शक्ति प्राप्त हुन्छ । सो शक्तिले नै शिक्षक नयाँ नयाँ खोज र चिन्तन गर्न, अध्ययन अनुसन्धान गर्न तिर प्रेरित हुन्छ । फलस्वरूप पेसासँग सम्बन्धित समस्या समाधानका उपायहरू सुझाउने क्षमता उत्पन्न हुन पुग्छ । शिक्षकहरू जति जति क्षमतावान बन्दै जान्छन् त्यति त्यति नै उनीहरूमा कार्य कुशलता बढ्न गई पेसागत दखलता बढ्छ र पेसागत विकास हुन्छ । शिक्षक बाहिरी गतिविधिमा भन्दा पनि कक्षा शिक्षण सिकाइ र कक्षा व्यवस्थापन पक्षमा बढी सम्मिलित हुन्छ । यस क्रममा आइपरेका समस्याहरूलाई आफ्नै प्रयासबाट समाधान उन्मुख हुन कार्यमूलक अनुसन्धान अचूक उपाय हो । किनकि यो अनुसन्धान समस्याको अनुभूत गर्नेले नै गर्ने भएको ले समस्या के हो र समाधान कस्तो चाहिएको छ भन्ने बीचको चिन्तन र अध्ययन कर्ता ऊ आफैं हो । अनुसन्धान कार्यमा निर्देशन र निर्देशक आफैं हुने हुँदा समस्याको पहिचान र विश्लेषण, योजना निर्माण, कार्यान्वयन अवलोकन र प्रतिबिम्बन जस्ता चरणगत प्रक्रियाको अबलम्मन आफैंले गर्छ । सुधारका आधारमा हासिल भएका उपलब्धीहरूलाई स्वमूल्याङ्कन गरी अब के कति गर्ने, कसरी अघि बढाउने वा बढाउँन नपर्ने पक्षको अनुभूतिका आधारमा निर्णय गर्ने भएकाले शिक्षकहरूमा मूल्याङ्कन तथा निर्णयगत क्षमताको पनि विकास हुन पुगी पेसागत विकासमा टेवा पुग्छ ।

पेसागत विकासलाई उत्प्रेरणाले धेरै सघाउँछ । शिक्षकहरूलाई कुन कुन कुराले उत्प्रेरित गर्छ भन्ने कुरा मनोवैज्ञानिक पक्ष हो । शिक्षकहरूलाई पेसागत गतिविधिमा सरिक गराई सिकाइका नयाँ नयाँ विधि तथा प्रविधिहरूमा दक्ष गराउँदै लैजान संस्थाले शिक्षकलाई उत्प्रेरणा जगाउने खालका कार्यक्रम, सेवासुविधा, मानसम्मान, पुरस्कार (प्रतिवेदन २०१६) जस्ता पाटोलाई पनि संस्थागत सँस्कृतिको रूपमा विकास गराउँदै लानु पर्छ । जसका कारण शिक्षक आफ्नो पेसा प्रति गौरव गर्छ । पेसागत दक्षता अभिवृद्धि गरी आफूलाई छुट्टै ढङ्गबाट प्रस्तुत हुन लालायित बन्छ । फलस्वरूप आफ्नो पेसासँग सम्बन्धित व्यवधानहरूलाई आफैंले सुल्झाउने कोसिसमा कार्यमूलक अनुसन्धानले निरन्तर रूपमा शिक्षकलाई प्रेरणा प्रदान गर्दछ । शिक्षण पेसा दयालु कार्य हो । शिक्षण पेसालाई अन्य पेसासँग तुलना गर्न मिल्दैन । किनकि यो जीवन्त पेसा हो ।

विभिन्न उमेरका बालबालिकासँगको सम्बन्ध र सिकाइ प्रक्रियाले यस पेसालाई जीवन्त बनाउँछ । शिक्षण पेसा कागजको पत्र र वस्तुहरूसँगको मात्र सम्बन्ध नभइ मान्छे र मान्छेका व्यवहार, मान्छेका स्वभाव,

मान्छेका उमेर जनित व्यवहार र प्रतिक्रियासँग पनि सम्बन्धित हुने भएकोले पेसा कर्मीको अनुभूतिको पाटो पनि जीवन्त रहन्छ । किनकि जीवन्तताले मानवीय भावनालाई भन्दा राम्रो र विकसित गर्न प्रोत्साहित गर्छ । शिक्षकका यस्ता खालका प्रेरणा र प्रोत्साहित भावनाले नयाँ नयाँ सोंच र तर्क गर्ने बानीको विकास गराउँछ ।

आफ्ना अध्ययन र अध्यापनका क्षेत्रमा आउने र आइपर्ने समस्याहरू समाधान के कसरी गर्ने भन्ने मार्गको उपयुक्त खोजीमा शिक्षक लाग्ने हुनाले त्यसका लागि उपयुक्त मार्ग भनेकै कार्यमूलक अनुसन्धान हो । जहाँ अनुसन्धानकर्ता स्वयम्ले समस्या र समाधानलाई मनोवैज्ञानिक ढङ्गमा बुझेको हुन्छ । त्यही बुझाइलाई व्यवस्थित र क्रमिक रूपमा समाधान गर्न तत्पर रहन्छ । फलस्वरूप सक्षम र सन्तुष्ट बनी पेसागत विकास कार्यमा निरन्तर लागिरहन्छ ।

शिक्षकहरूको पेसागत दक्षता र विद्यार्थीहरूको शिक्षण सिकाइ बीच सकारात्मक सम्बन्ध रहने बारे स्वीकार गरेर हरेक मुलुकले शिक्षक विकासको निमित्त विभिन्न प्रयत्न र प्रयोग गर्दै आएको देखिएको छ । नेपालको सन्दर्भमा विद्यालय शिक्षालाई बढी प्राथमिकता दिएको पाइन्छ (SSRP) । यसै सन्दर्भमा शिक्षकहरुको पेसागत विकासलाई टेवा पुऱ्याउने हेतु माध्यमिक तहका शिक्षकहरुलाई विभिन्न विषय र विषयगत रूपमा "कार्यमूलक अनुसन्धान तालिम" (शै.ज.वि.के.,२०७२) प्याकेजको रूपमा दिन थालिएको छ । यसबाट के स्पष्ट हुन आउँछ भने यी र यस्ता उल्लेखित सन्दर्भहरूले शिक्षकहरूको पेसागत विकास र कार्यमूलक अनुसन्धान बीचको सम्बन्ध भरपुर छ र शिक्षकहरूको पेसागत विकासका लागि दरिलो आधार स्तम्भ कार्यमूलक अनुसन्धान पनि हो ।

## निष्कर्ष

शैक्षिक क्षेत्रको विकासमा जहाँ जसरी जे र जसको सन्दर्भमा कुरा गरे पनि आखिर गुणात्मक शिक्षामा गाँठो पार्न पुगिन्छ । गुणात्मक शिक्षाको नारा भने देशले बोक्दछ , लागु भने विद्यार्थीमा हुन्छ र कारक भने शिक्षक हुन्छ । यसर्थ शिक्षक स्तरीय, पेसागत रूपमा सक्षम हुन जरूरी छ । किनकि पेसागत सक्षमताले पेसागत दक्षताको विकास गराउँछ । दक्ष शिक्षकले गुणवान/दक्ष विद्यार्थी उत्पादन गर्न सक्छ । देशको भविष्य दक्ष, सक्षम विद्यार्थीमा निर्भर रहन्छ । देशको आर्थिक, सामाजिक, राजनैतिक तथा शैक्षिक विकासको क्षेत्रमा शिक्षकहरूको भूमिका अहम् रहनेमा सन्देह छैन । यसै मान्यतामा रही हरेक देशले शिक्षकहरूको पेसागत विकासमा प्राथमिकता दिएको पाइन्छ । नेपालले पनि कदम चालेको देखिएको छ । देशले जति नै प्राथमिकता र लगानी गरेता पनि आसातित उपलब्धी हासिल गर्न नसकेको गुनासो विभिन्न शैक्षिक प्रतिवेदनले जाहेर गरेको पढ्न पाइन्छ । यसले के पुष्टि गर्छ भने पेसागत विकासका लागि पेसाकर्मी आफैं तत्पर हुनुपर्छ । पेसालाई अपनाउन सक्नुपर्छ ; पेसाप्रति लगाव हुनुपर्छ र पूर्ण रूपमा पेसामा भिज्न सक्नुपर्छ । यसका लागि पेसाकर्मी आफ्नो पेसाप्रति सुधारात्मक, सकारात्मक बनी सुधारात्मक खोजीमा जुट्नु पर्छ (काफ्ले, विशेष कक्षा) ।
यो  कार्य कार्यमूलक अनुसन्धानबाट सम्भव हुने प्रसङ्ग विभिन्न विद्वानहरूको भनाइबाट प्रस्टन्छ । भाषा शिक्षकले पनि भाषाको मर्म, व्यवहार र कर्मलाई आत्मसाथ गरी भाषिक जिम्मेवारीको दायित्व साच्चिकै आफ्नै दायित्व मानेर कर्ममा जुट्न सक्नुपर्छ । हरेक वस्तु आ-आफ्नै गुणले अलग हुन्छ । छुट्टै पहिचानमा चिनिन्छ । भाषा शिक्षकहरूको अलग पहिचानलाई आत्मासाथ गरेर आफ्नो पेसागत सक्षमता अभिवृद्धि गर्दै लैजान कार्यमूलक अनुसन्धानलाई शिक्षण सिकाइका अभिन्न अङ्ग मानी अभ्यासमा निरन्तरता दिदै गएमा भाषा शिक्षकहरूको पेसागत विकास टाढा छैन ।

## सन्दर्भ सामग्री

खनाल पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौ : सनसाइन प्रकाशन ।

पौड्याल,अनन्त कुमार,(२०७३), *क्रियात्मक अनुसन्धान, शिक्षक स्रोत पुस्तक,* काठमाण्डौ : सिकाइ समूह ।

बन्धु ,चूडामणि (२०७३),*भाषा विज्ञान,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाण्डौ : शुभकामना प्रकाशन प्रा.लि. ।

शर्मा, कुवेरनाथ (२०६०),*शिक्षाको दर्शनशास्त्रीय एवं समाजशास्त्रीय आधार,*काठमाण्डौ : रत्नपुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र शर्मा निर्मल (२०६९), *शिक्षाको दर्शनशास्त्रीय र समाजशास्त्रीय आधार,* काठमाण्डौ : एम. के..पब्लिसर्स ।

शर्मा, तारानाथ (गोरखापत्र साउन २६,२०६२), *दायित्व बोध, विश्वविद्यालय अनुसन्धान र प्रज्ञा,* काठमाण्डौ : गोरखापत्र संस्थान ।

शिक्षा मन्त्रालय (२०७३), *शिक्षक शिक्षा,* सानो ठिमी भक्तपुर : लेखक ।

शै.ज. वि. के. (२०७२),*शिक्षक सक्षमताको प्रारूप,* सानोठिमी भक्तपुर : लेखक ।

सिकाइ समूह (२०७३), *शिक्षक स्रोत पुस्तक,* काठमाण्डौ : लेखक ।

स्टेफन कोम्मिस र म्याक टागग्राट (1988),*कार्यमूलक अनुसन्धानको प्रक्रियागत चार्ट,* शिक्षक स्रोत पुस्तक २०७३ बाट लिइएको ।

यूनेस्को (२०१६) नयाँ विश्वव्यापी शैक्षिक अनुगमन प्रतिवेदन २०१६ मानिस र पृथ्वीमा शिक्षा : *सबैका लागि दिगो भविष्य निर्माण,* पेरिस ०६ एसपी, फ्रान्स, नेपाली अनुवाद/लेखक ।

Canena, Francesca (2011), *Literature review quality in teacher's continuing professional development paris* : uropain commission.

Head, Katie and Pauline, Taylor (1997), *Readings in Teacher Development, Food Academic*: Macmillan Education.

https: // *my jobsearch.com/careers/language- teacher*.html

*State of NSW, Department of Education and Training (2010) Action Resarch in Education, Guideling 2nd Edition, Professional Learing and Leadership Development, Newwork* : Writer.

Whitehead, Jack(1999), *Action research training and in the living theory of professional educators, A paper presented to a conference organized by Greek center for educational research at the university of patras Greece*.